सर्वोच्च अदालत,संयुक्त इजलास

माननीय न्यायाधीश श्री दीपकराज जोशी

माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल

फैसला

०६८-CI-०२१६

मुद्दाः-माना चामल

भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. १६ बस्ने राम खड्का-------१ पुनरावेदक प्रतिवादी

विरुद्ध

भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. १६ बस्ने सरिता खड्का ----१ विपक्षी वादी

शुरु तहमा फैसला गर्नेः-

माननीय जिल्ला न्यायाधीश श्री बलभद्र वास्तोला

भक्तपुर जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्नेः-

माननीय न्यायाधीश श्री पुरुषोत्तम भण्डारी

माननीय न्यायाधीश श्री प्रकाश कुमार ढुंगाना

पुनरावेदन अदालत पाटन

पुनरावेदन अदालत पाटनबाट मिति २०६७ पौष २८ गते भएको फैसला उपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम पुनरावेदनको रोहमा दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

१. फिराद-पत्रः-

विपक्षी पिताले पढने लेख्ने लगायतका म प्रतिको कुनै पनि दायित्व पुरा नगरेको हुँदा हाल आफू विपक्षीसँग भिन्न भइ बसेकी आमाको साथमा रहे बसेको छु । म फिरादीलाई विपक्षीले खानलाउन नदिई घरबाट निकाला गरेको हुँदा मिति २०५७।७।१० गतेलाई मानो छुट्टिएको मिति कायम गरी उक्त

मितिदेखि स्वच्छाले खान लाउन नदिएसम्म तथा अंश कार्यान्वयन भई भोगचलन नभएसम्म म फिरादी सरिता खड्कालाई प्रतिमहीना रु. १,५००।- का दरले मिति २०५७।७।१० देखि २०६५।१।१० सम्मको वार्षिक रु. १,५००।- *१२=१८,०००।- का दरले ८ वर्ष ६ महिना सम्मको वार्षिक रु. १८,०००।-* ८ वर्ष= १,४४,०००।- र ६ महिनाको रु ९,०००।- गरी जम्मा रकम रु. १,५३,०००।— (अक्षरुपी एक लाख त्रिपन्न हजार रुपैया मात्र) मुलुकी ऐन अंशवण्डाको १० नं. बमोजिम विपक्षीबाट माना चामल भराई चलन समेत चलाई पाउँ भन्ने समेत व्यहोराको सरिता खड्काको तर्फबाट शुरु भक्तपुर जिल्ला अदालतमा पेश भएको फिराद-पत्र ।

२. प्रतिउत्तर पत्रः-

विपक्षीलाई सम्पूर्ण खर्च मैले दिएको छु । विपक्षीले आमाको कुरामा लागी मलाई दुःख दिने नियत लिई फिराद दायर गरेको हुँदा प्रस्तुत फिराद खारेज गरी पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी राम खड्काको तर्फबाट पेश भएको प्रतिउत्तर-पत्र ।

३. वादी प्रतिवादीले गरेको कागजः-

जिल्ला भक्तपुर मध्यपुर थिमी नगरपालिका वडा नं. १६ स्थित साढे दुई तलाको १२ कोठाको घर मध्ये ८ वटा कोठा बहालमा लगाएको हुँदा घरबहाल मासिक रु. ५,०००।- आम्दानी हुन्छ । सो घरमा वहालबाट उठेको रकमले घर व्यवहार चलाउने खर्च मात्र पुग्छ । अन्य जागिर व्यवसाय केही छैन भन्ने समेत व्यहोराको प्रतिवादी राम खड्काले शुरु जिल्ला अदालतमा गरेको कागज ।

जिल्ला भक्तपुर मध्यपुर थिमी नगरपालिका वडा नं. १६ स्थित साढे दुई तलाको १२ कोठा भएको पक्का घर छ । सो घरका १२ कोठामा प्रति कोठा रु. १,५००।- का दरले जम्मा घर बहाल रु. १८,०००।—(अठार हजार मात्र) प्रति महिना प्रतिवादी तथा मेरो बुबा राम खड्काको मासिक आम्दानी हुन्छ । म र आमा मैया खड्का छुट्टै अरुको घरमा डेरा लिई बसेका छौं । घर बहालबाट आउने रकम पनि नदिएको र हेरविचार पनि नगरेको भन्ने समेत व्यहोराको वादी सरिता खड्काले शुरु जिल्ला अदालतमा गरेको कागज ।

४. भक्तपुर जिल्ला अदालतको फैसलाः-

मैया खड्का र प्रतिवादी राम खड्का तथा प्रतिवादीका घरमा बसेको त्रि-स्टार इङ्गलिस स्कूल बीच भएको शर्तनामा कागजबाट घरभाडा मासिक रु. १५,०००।- पाउने देखिएको र प्रतिवादीको अन्य आय

श्रोत छ भनी वादी स्वयंले भन्न लेखाउन नसकेको अवस्थामा वादीले उक्त घरबाट आउने आयबाट मात्र माना चामल पाउने अवस्था देखिन आयो । वादी प्रतिवादी सगोलका अंशियार देखिएकाले परिवारका सदस्य सरह ईज्जत आमद अनुसार खान लाउन पाउने कानूनी र नैसर्गिक हक हो । सगोलका परिवारले आफ्नो सदस्यलाई ईज्जत आमद अनुसार खान लाउन दिनुपर्ने विषय कानूनी दायित्व वा कर्तव्य कै रुपमा रहेको देखिन्छ । प्रस्तुत मुद्दामा वादीले आफ्नो फिरादमा मिति २०५७।७।१० गतेबाट माना चामल दावी गरेकोले वादीका ५ अंशियार हुँदा यी वादीले मासिक रुपमा रु. २,०००।- प्रतिवादी राम खड्काबाट माना चामलको रुपमा पाउने ठहर्छ भन्ने समेत व्यहोराको शुरु भक्तपुर जिल्ला अदालतको मिति २०६६।७।१६ को फैसला ।

५. प्रतिवादीको तर्फबाट पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदनपत्र

मैया खड्काले अंश मुद्दा दिई ४ भागको १ भाग अंश लिई सकेकी छन् भने सरिताले आफ्नो विवाह खर्च छुट्याई लिई पाईसकेको कुरा उक्त मिति २०५७।१।२९ गतेको दे.मि.नं.३७५।१००६ को भक्तपुर जिल्ला अदालतको फैसलाले पुष्टि गरी रहेकोमा पुनः विपक्षी वादीलाई मानाचामल भराउन मिल्ने होईन । विपक्षीले शुरु फिरादमा मिति २०५७।७।१० देखिको माना-चामल माग गरेकी छन्, उक्त समयमा विपक्षी नाबालक थिइन । नाबालक अवस्थाको मानाचामल माग गर्दा कित कोही संरक्षक भई मुद्दा गर्नुपर्छ कि ८ वर्ष अघि देखि के श्रोतले खाई बसी आएकी थिईन उक्त तथ्य देखाउनु पर्दछ । निजले सो देखाउन सकेकी छैनन् । मेरो आयस्रोत तथा विपक्षीको आमाले पाई आएको रकमबाट निजको पालन-पोषण भईरहेकोमा हाल आएर माना-चामलमा माग दावी गर्दैमा कुनै कुराको सोधपुछ नै नगरी भएको शुरु फैसला कानून विपरित रहेको हुँदा उक्त फैसला बदर गरी मेरो पुनरावेदन जिकिर बमोजिम गरी पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी राम खड्काको तर्फबाट पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदन-पत्र ।

(६) पुनरावेदन अदालत पाटनको आदेशः-

वादी सरीता खड्काले मिति २०५७।७।१० गते देखि मासिक रु.१,५००।- (पन्ध्र सय) का दरले विपक्षी प्रतिवादीसँग माना चामल खर्च भराई पाउँ भन्ने दावी भएकोमा वादी दावी भन्दा बढी पाउने ठहर गरी मासिक रु. २,०००।- (दुई हजार) का दरले माना चामल खर्च भराईदिने गरी भएको शुरुको फैसला फरक पर्नसक्ने देखिंदा मुलुकी ऐन अ.वं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८

को नियम ४७ बमोजिम छलफलको लागि प्रत्यर्थी झिकाई आएपछि वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नु भन्ने मिति २०६७।५।१० को पुनरावेदन अदालत पाटनको आदेश ।

(७) पुनरावेदन अदालत पाटनको फैसलाः-

वादी र प्रतिवादी सगोलका अंशियार देखिएकोले परिवारका सदस्य सरह इज्जत आमद अनुसार खान लाउन पाउने कानूनी र नैसर्गिक हक रहेको हुँदा निज प्रत्यर्थी वादीले प्रति महिना रु. १,५००।- का दरले माना चामल भराई पाउने अवस्था देखिन आउछ । फिरादीले नै प्रति महिना रु. १,५००।- का दरले माना चामलतर्फ दावी लिएकोमा मागदावी भन्दा बाहिर गई प्रति महिना रु. २,०००।- का दरले माना चामल भराउने ठहर भएकोमा मागदावी भन्दा प्रति महिना रू. ५,००।- बढी भराउने गरी भएको शुरु भक्तपुर जिल्ला अदालतको २०६६।७।१६ को फैसला मिलेको नदेखिंदा सो हदसम्म केही उल्टी भै प्रति महिना रु. १,५००।- का दरले अंश नछुट्टिएसम्म माना चामल भराई पाउने ठहर्छ भन्ने समेत व्यहोराको पुनरावेदन अदालत पाटनको मिति २०६७।९।२८ को फैसला ।

(८) प्रतिवादीको तर्फबाट यस अदालत समक्ष परेको पुनरावेदन पत्रः-

विपक्षीको आमालाई २०५० सालतिर रु. ३,०००।- को दरले खर्च दिएकोमा सोहीबाट विपक्षी वादीले समेत खाने लाउने गरेकी थिइन । विपक्षीको आमा मैया खड्कालाई अंश दिंदाको वखत नै वादी सरिता खड्काले विवाह खर्च लिई पाईसकेको अवस्थामा पुनः माना-चामल भराईनु कानून विपरित हुन्छ । मेरो आम्दानीको एकमात्र स्रोत मध्यपुर थिमी नगरपालिका वडा नं. १६ स्थित कि.नं. ९०६ को क्षेत्रफल ०-७-२-० मा बनेको दुई तले घरको मासिक आउने भाडा वापतको रु. १५,०००।- मात्र रहेको र विपक्षी संगै रहेकी निजकी आमाले रु. ४,३१२।५० मासिक रुपमा बुझी लिएको हुँदा सो तर्फ विचार नै नगरी गरीएको फैसला बदरभागी छ। विपक्षी नाबालक भई सम्पूर्ण व्यवहार पालन पोषण निजकी आमा र आफूले सोही घरको आम्दानीबाट गरी आएको हुँदा तथ्यको विवेचना नगरी गरिएको शुरु तथा पुनरावेदन अदालतको फैसला उल्टी गरीपाँउ भन्ने समेत व्यहोराको पुनरावेदक प्रतिवादी राम खड्काको तर्फबाट यस अदालत समक्ष परेको पुनरावेदन-पत्र ।

यस अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा देहाय अनुसार दावी तथा प्रतिउत्तर जिकीर रहेको देखियो ।

विपक्षी पिताले पढने लेख्ने लगायतका म प्रतिको कुनै पनि दायित्व पुरा नगरेको हुँदा हाल आफू विपक्षीसँग भिन्न भइ बसेकी आमाको साथमा रहे बसेको मिति २०५७।७।१० लाई मानो छुट्टिएको मिति कायम गरी सोही मितिदेखि मासिक रु. १,५००।- का दरले माना चामल भराई पाउँ भन्ने फिराद दावी र विपक्षी वादीको सम्पूर्ण खर्च आफूले भरी रहेको अवस्थामा आमाको कुरामा लागि मलाई दुःख दिने नियतले प्रस्तुत फिराद दायर गरेको हुँदा झुट्टा फिराद दावी खारेज गरी पाउँ भन्ने प्रतिउत्तर जिकीर रहेकोमा शुरु जिल्ला अदालतबाट वादी दावी भन्दा रु. ५००।- (पाँचसय) बढी अर्थात मासिक रु. २,०००।- दुइ हजार माना चामल भरी पाउने गरी भएको फैसला पुनरावेदन अदालत पाटनबाट माग दावी भन्दा बढी भराउन नमिल्ने भनी दावी अनुसारको रु. १,५००।- (पन्ध्र सय मात्र) भरी पाउने भनी केही उल्टी गरी निर्णय भएको पाइयो ।

पुनरावेदन अदालतको फैसलालाई चुनौती दिदै यस अदालत समक्ष पुनरावेदन दिएका प्रतिवादीको पुनरावेदन पत्र तथा मिसिल संलग्न कागजात अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा पुनरावेदन अदालत पाटनको निर्णय मिले नमिलेको विचार गरी निर्णय दिनुपर्ने देखिन आयो ।

यसमा फिरादीकी आमा मैया खड्काले अंश मुद्दा दायर गरी अंश पाउने ठहर हुँदाका वखत वादी सरीता खड्काको हकमा समेत विवाह खर्च छुट्याउने गरी निर्णय भएको देखिन्छ । वादी नाबालक नै रहेको अवस्थामा बाबु आमा विच अंशवण्डा भएको र वण्डा पश्चात बादी आमाको साथैमा नै रहे बसेको देखिन्छ । मुलुकी ऐन अंशवण्डाको महलको १० नं. मा **"लोग्ने वा बाबु आमाले स्वास्नी वा छोराछोरीलाई इज्जत आमद अनुसार खान लाउन र आवश्यकता अनुसार उचित शिक्षा दिक्षा र स्वास्थ्य उपचारको व्यवस्था गर्नु पर्दछ , सो नगरे अंश दिनुपर्छ"** भन्ने कानूनी व्यवस्था हेर्दा आफ्नो सन्तानको उचित स्याहार संभार लगायतका पुरा गर्नु पर्ने अभिभावकिय दायित्व पूर्ण रुपमा अभिभावकमा रहेको देखिन आयो । आफ्नो मात्र अंश लिई भिन्न भएकी पुनरावेदककी जेठी श्रीमतीको साथमा वादी सरीता खड्का रहेको तथ्यलाई पुनरावेदकले स्वीकार गरे पनि निजको पालन पोषणको लागि आफूले यो यस्तो व्यवस्था गरेको छु भनी कुनै प्रमाण गुजार्न सकेको देखिएन । वादीको आमा र पुनरावेदक वीच भएको अंश मुद्दा निर्णय भई कार्यान्वयनको क्रममा विवाह खर्च पर सारेको भन्ने वाहेक पुनरावेदकले आफ्नो सन्तान प्रतिको कुनै संरक्षकिय दायित्व निर्वाह गरेको देखिएन ।

विवाह खर्च पर सारीसकेको हुँदा माना चामल भराउन नपर्ने भन्ने पुनरावेदकको जिकीर तर्फ विचार गर्दा **"विवाह खर्च"** सगोलमा रहेका अंशियारहरुका विच अंशवण्डा हुँदाका वखत तत्काल कायम रहेको सम्पत्तिको आधारमा विवाह नभएका अंशियारहरुको लागि खर्चको व्यवस्था गरिने गरी कानूनबाट सिर्जना भएको अधिकार हो । जसको सम्बन्ध वण्डा हुँदाका वखत विवाह नगरेका तथा विवाह भएका अंशियार विच मात्र रहेको हुन्छ । यसरी विवाह खर्च सम्बन्धी शब्दले नै नेपाली समाजमा चलिआएको परम्परागत संस्कार र विधिपूर्वक विवाह गर्दाको वखत आवश्यक पर्ने रकमको लागि खर्चको व्यवस्था गरीएको हो भनी मान्न सकिन्छ । यसरी छुट्टाइएको खर्च विवाह गर्नु अगाडि नै कुनै पनि अंशियारले अन्य प्रयोजनको लागि खर्च गर्न सक्दैन । यस्तो अन्य काममा खर्च गर्न नसकिने रकम कलमलाई आधार बनाई आफ्नो बाल बच्चालाई इज्जद आमद अनुसार खान लाउन र आवश्यकता अनुसार स्वास्थ्य उपचार र उचित शिक्षा दिक्षा दिनुपर्ने दायित्वबाट कुनै पनि अभिभावक पन्छिन मिल्दैन । भरणपोषणको लागि नियमित रुपमा खर्चको प्रबन्ध माना चामलबाट गरीन्छ भने बण्डा हुँदाका बखत अविवाहित अंशियारको विवाह गर्ने कार्यमा हुने खर्चको व्यवस्था विवाह खर्च रुपमा गरीन्छ । यसरी फरक प्रसंग र सन्दर्भमा प्रयोग हुने दुई भिन्न भिन्न अधिकार मध्ये एउटा अधिकार विवाह खर्च प्राप्त गरिसकेको हुँदा वादीलाई मानाचामल भराउन पर्दैन भन्ने पुनरावेदन जिकीरलाई कानून अनुरुप मान्न सकिएन ।

अत: माथि विवेचित आधार र कारणबाट अंश प्राप्त नगर्दाको अवस्थासम्म वादीलाई फिराद दावी बमोजिम मासिक रु १५००।- (रुपैया पन्ध्रसय) मानाचामल भरीपाउने ठहराई पुनरावेदन अदालत पाटनबाट मिति २०६७।९।२८ मा भएको फैसला मिलेकै देखिदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकीर पुग्न सक्दैन । प्रस्तुत दायरीको लगत कट्टा गरी मिसिल निमयानुसार गरी बुझाईदिनू ।

न्यायाधीश

उक्त रायमा म सहमत छु

न्यायाधीश

इजलास अधिकृतः- चन्द्र प्रकाश तिवारी

इति सम्वत् २०७१ साल भदौं ५ गते रोज ५ शुभम् ----------